नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## नापी विभाग

### सरुवा सम्बन्धी मापदण्ड २०८०

निजामती सेवा ऐन २०४९ को दफा १८ को उपदफा (३) तथा निजामती सेवा नियमावली, २०५० को नियम ३६ (१) बमोजिम विभागबाट असोज ०१ गते देखि असोज १५ भित्रमा विभाग अन्तर्गतका कार्यालयहरुमा सोही नियमावलीको नियम ३६ (२) बमोजिम सरुवा हुने हुँदा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा उल्लिखित प्रावधानको अतिरिक्त नियम ३६ को उपनियम (१५) र (१६) बमोजिम देहायको मापदण्ड निर्धारण गरी सार्वजनिक गरिएको छ ।

तपसिल

१. कर्मचारी सरुवा गर्दा अनुसूची १ मा उल्लेखित कार्यालयको कार्य बोझ (Work (Load) लाई आधार मानी गरिनेछ ।

२. अनुसूची १ मा उल्लेख भएको "क" र "ख" वर्गको कार्य बोझ भएको कार्यालयमा निरन्तर लामो समयसम्म कार्य गरेका कर्मचारीलाई प्राथमिकता दिई अन्य वर्गको कार्यालयमा सरुवा गरिनेछ ।

३. दुर्गम स्थानका कार्यालयहरुमा सेवा प्रवाहमा असर नपर्ने गरी सरुवा गरिनेछ ।

४. एक वर्ष भन्दा बढी अवधीको वैदेशिक अध्ययन तथा तालिम पूरा गरी फर्केका कर्मचारीहरुलाई निजहरुको विशेषज्ञताको आधारमा सरुवा गर्न प्राथमिकता दिइनेछ ।

५. संस्थागत (Institutional) स्मरण र कार्यालयको आवश्यकतालाई मध्यनजर गरी सरुवा गरिनेछ ।

६. महिला अशक्त तथा फरक क्षमता भएका कर्मचारीहरुलाई सम्भव भएसम्म निवेदकको माग बमोजिम सरुवा गर्न प्राथमिकता दिइनेछ ।

७. विशेष अनुभव र क्षमता भएका कर्मचारीहरुलाई निजहरुको क्षमता उपयोग हुन सक्ने गरी सरुवा गर्न प्राथमिकता दिइनेछ ।

८. सम्भव भएसम्म तोकिएको भौगोलिक क्षेत्रमा न्यूनतम अवधी पुरा गरेको कर्मचारीहरुलाई माग बमोजिम सरुवा गर्न प्राथमिकता दिइनेछ ।

९. गुनासो तथा कार्य सम्पादनको अवस्थालाई समेत आधार मानिने छ ।

१०. निजामती सेवा ऐन र नियमावलीमा तोकिए बमोजिम निम्न अवस्थालाई समेत ध्यान दिई सरुवालाई व्यवस्थित गरिनेछ ।

नेपाल सरकार

५० वर्ष उमेर पुगेको कर्मचारीलाई निजले मागेमा बाहेक (क) वर्गको भौगोलिक क्षेत्रमा सरुवा गरिने छैन ।

- श्रेणी विहिन निजामती कर्मचारीलाई घर पायकको जिल्लामा सरुवा गर्न प्राथमिकता दिइनेछ ।
- उमेरका कारण अनिवार्य अवकाश हुन एक (१) वर्ष वा सो भन्दा कम अवधी बाँकी रहेको कर्मचारीलाई निजले मागेको अवस्थामा बाहेक सरुवा गरिने छैन ।

११. उपत्यका भित्रको एउटा कार्यालयबाट उपत्यका भित्रकै अर्को कार्यालयमा सरुवा गरिने छैन ।

१२. श्रीमान श्रीमती दुवै सेवामा रहेको भए सम्भव भएसम्म नजिकको पायक पर्ने कार्यालयमा सरुवा गर्न प्राथमिकता दिइने छ ।

१३. विगतका कार्यालयहरुमा प्रदान गरेको सेवा अनुभव समेतको उचित मूल्यांकन गरी निजहरुको अनुभवको उपयोग हुने गरी अर्को कार्यालयमा सरुवा गर्न प्रथमिकता दिईनेछ ।

१४. भौगोलिक हिसावले दुर्गम जिल्लामा रहेका कार्यालयहरुका हकमा सेवा प्रवाह, कार्यालय सञ्चालन र आवश्यकताका आधारमा सरुवा व्यवस्थापन गरिनेछ ।

१५. उल्लेखित मापदण्डमा जे-जस्तो व्यवस्था तोकिए तापनि विभागले निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० को परिधी भित्र रही विभाग, कार्यालयहरुको आवश्यकता, भौगोलिक अवस्था तथा कार्ययोजनाका आधारमा सरुवा गर्न सक्नेछ ।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं